नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## Covid-19 महामारीको अवस्थामा सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी गर्ने सम्बन्धी सूचना !!

*मिति: २०७७/०३/०१*

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०२/२८ को निर्णयानुसार यस ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट प्रवाह हुने सेवालाई कोभिड-१९ महामारीको प्रकोपबाट बच्न आवश्यक पर्ने सवै सुरक्षा सतर्कता अपनाई देहाय बमोजिम दुई सिफ्टमा संचालन गर्ने व्यवस्था मिलाईएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि अनुरोध छ।

- मन्त्रालयबाट नीतिगत, समन्वयात्मक, नियमन, अनुगमन र व्यवस्थापनका कार्य गरिने भएको हुँदा सबै कर्मचारीहरु मध्ये ५०/५० प्रतिशत कायम हुने गरी **विहान ८ बजे देखि दिनको १ बजे सम्म पहिलो सिफ्ट र दिनको १ बजे देखि वेलुकी ६ बजे सम्म दोश्रो सिफ्ट** गरी **दुई सिफ्टमा** मन्त्रालयका कार्य जिम्मेवारीलाई सम्पादन गरिएको।
- मन्त्रालयका विशिष्ट श्रेणीका पदाधिकारीहरुको प्रत्यक्षतः निर्देशन र समन्वयमा दुवै सिफ्टमा रहने सह सचिवज्यूहरुको कार्य जिम्मेवारी दुवै सिफ्टमा पर्ने गरी आलो पालोको व्यवस्थापन गरिएको।
- मन्त्रालयको प्रवेशद्वारमा स्वास्थ्य सुरक्षा सतर्कताका लागि प्रोटोकलको सूचना प्रवाह भएको।
- प्रवेशद्वार बाहिर प्रवेश पूर्व नै सावुन पानीले हात धुने व्यवस्था सहित सेनिटाइजर राख्ने कार्यलाई निरन्तरता दिइएको।
- मन्त्रालयमा उपलब्ध सवारी साधनहरुलाई अधिकतम रुपमा उपयोग गरी सम्भव भएसम्मका कर्मचारीहरुलाई कार्यालय आवगमनमा सेवा सुविधा उपलब्ध गराईएको।
- यस सम्बन्धमा कुनै जिज्ञासा भएमा प्रशासन महाशाखा प्रमुख (मो.नं ९८४१८५०४६६०) कर्मचारी प्रशासन शाखा (मो.नं.९८४१२६६१६५) र आन्तरिक प्रशासन शाखा (मो.नं. ९८४१३७३४७८) मा सम्पर्क गर्न सकिने।